# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०२।०६ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-------------------------------------------------

जिल्ला प्रशासन कार्यालय, इलामका युवा स्वरोजगार कार्यक्रमका स्वयमसेवक भानुभक्त आचार्यले जिल्ला प्रशासन कार्यालयका नायव सुब्बा विनोद बाबु वि.सी.ले अह्राए बमोजिम हराएको पासपोर्टको प्रतिलिपि निकाल्ने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवम् उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिइ गएको टोलीले निज कार्यक्रम स्वयमसेवक भानुभक्त आचार्यलाई सेवाग्राहीसँग रू.६,०००। - (छ हजार ) घुस वापतको रकम लिइसकेको अवस्थामा र उक्त घुस /रिसवत लिन अह्राउने ना.सु.विनोद बाबु वि.सी.समेतलाई नियन्त्रणमा लिई अनुसन्धान हुँदा जिल्ला प्रशासन कायालय, ईलाममा राहदानी फाँटमा कार्यरत नायव सुब्बा विनोद बाबु वि.सी. को प्रत्यक्ष मिलेमतो र संलग्नतामा श्री युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय अन्तर्गत जिल्ला प्रशासन कार्यालय, ईलाममा कार्यरत स्वयंसेवक भानुभक्त आचार्यले सेवाग्राहीसंग राहदानीको प्रतिलिपिको लागि काठमाडौं स्थित विभागबाट जारी मिति मगाइदिने बहाना बनाई घुस रकम माग गरी लिएको पुष्टि हुन आई निजहरू राष्ट्रसेवक ना.सु. विनोद बाबु वि.सी. र कार्यक्रम स्वयंसेवक भानुभक्त आचार्यले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निजहरूलाई जनही बिगो रू.६,०००। -(छ हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता